# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :-

चलानी नं. :-

मिति :- २०८२।०५।१२
ने.स. ११४५ ञलाथ्व ५ बिहीवार

**सूचना नं. १२**

**निशुल्क आयोगका कक्षा अध्ययनको लागि आवेदन दिने समय थप गरिएको सूचना !**

प्रस्तुत विषयका सम्बन्धमा विहादी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सरकारी सेवामा विहादी गाउपालिकाका नागरिकहरुको न्यून उपस्थितिलाई उच्च बनाउने तथा आर्थिक रुपले विपन्न वा जेहन्दार नागरिकहरुलाई शैक्षिक तथा रोजगारीको क्षेत्रमा सहजिकरण गर्ने उद्देश्यले सञ्चालन गर्न लागेको निशुल्क लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगका अनलाईन कक्षाहरुमा सहभागिताको लागि यस कार्यालयको सूचना नं. ९, मिति २०८२।०४।२९ को सूचनाबाट १५ दिनको समय सिमा सहित फाराम माग गरिएकोमा निर्धारित समयभित्र न्यून दरखास्त फाराम पेश हुन आएकोले फाराम भर्ने समय आजको मिति देखि ७ (सात दिन, २०८२।०५।१९ गते सम्म) थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**फाराम भर्न आवश्यक कागजातहरु :**

१) आवेदन फाराम (कार्यालयमा उपलब्ध वा अनलाईन माध्यमबाट भर्न सकिने)
२) नापाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
३) एक प्रति पासपोर्ट साइजको फोटो,
४) शैक्षिक प्रमाणपत्रको प्रलिलिपीहरु,
५) कक्षा निरन्तरता दिने सम्बन्धी स्वघोषणा
६) अभिभावकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

**अनलाईन आवेदन पेश गर्ने लिंक :**
**https://docs.google.com/forms/d/e/1FAIpQLSfqTpV7ajYVHPtkUC38A0NnJpYsV9z0NBql7ZyPE81fTqYrwQ/viewform?usp=header**

थमन बहादुर रश्मी
प्रमुख प्रशासकीय अधिकृत

Website:-www.bihadimun.gov.np, Email:- info@bihadimun.gov.np, bihadi.ruralmun@gmail.com